# मनमोहन प्राविधिक विश्वविद्यालय

## सेवा आयोग

**मनमोहन प्राीवधिक विश्वविद्यालयको शिक्षण तथा प्रशासन सेवाका पदहरूको सीमित आन्तरिक खुला प्रतियोगिताको विज्ञापन**

सूचना नं. ००७/२०७९/०८० प्रकाशन मिति: २०८०/०२/०१

मनमोहन प्राविधिक विश्वविद्यालय शिक्षक तथा कर्मचारीको सेवाका सर्त र सुबिधासम्बन्धी नियमावली, २०७८ को नियम ९८ को विशेष व्यवस्था अन्तर्गत उपनियम (१) मा व्यवस्था भएबमोजिम देहायमा उल्लेखित पदहरू मनमोहन स्मृति पोलिटेक्निकको स्वीकृत दरबन्दीमा कम्तिमा तीन वर्षदेखि नियमित रूपमा करार वा सेवा करारमा कार्यरत शिक्षक वा कर्मचारीबाट पदपूर्ति गर्ने प्रयोजनका लागि देहायबमोजिम सिमित आन्तरिक खुला प्रतियोगिताको दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम अवधि र योग्यता पुगेका उम्मेद्वारले आयोगको कार्यालयबाट दरखास्त फाराम लिई (वा आयोगको वेबसाइट www.mtuservicecommission.edu.np बाट डाउनलोड गरी) दरखास्त फारामका सबै महलमा स्पष्ट विवरण खुलाइ आयोगको कार्यालय दुहबी-४, सुनसरीमा बुझाउनुपर्नेछ ।

## पदको विवरण

| क्र.सं. | सेवा/समूह | तह | पद | पदसंख्या |
|---|---|---|---|---|
| १. | शिक्षण/इलेक्ट्रिकल इन्जिनियरिङ | छैटौं | असिस्टेन्ट लेक्चरर | २ (दुई) |
| २. | शिक्षण/सिभिल इन्जिनियरिङ | छैटौं | असिस्टेन्ट लेक्चरर | २ (दुई) |
| ३. | शिक्षण/इलेक्ट्रोनिक्स इन्जिनियरिङ | छैटौं | असिस्टेन्ट लेक्चरर | १ (एक) |
| ४. | शिक्षण/मेकानिकल इन्जिनियरिङ | छैटौं | असिस्टेन्ट लेक्चरर | १ (एक) |
| ५. | शिक्षण/आर्किटेक्चरल इन्जिनियरिङ | छैटौं | असिस्टेन्ट लेक्चरर | १ (एक) |
| ६. | शिक्षण/इलेक्ट्रिकल इन्जिनियरिङ | पाँचौं | ल्याव टेक्निसियन | ३ (तीन) |
| ७. | शिक्षण/इलेक्ट्रोनिक्स इन्जिनियरिङ | पाँचौं | ल्याव टेक्निसियन | १ (एक) |
| ८. | शिक्षण/रसायनशास्त्र | पाँचौं | ल्याव टेक्निसियन | १ (एक) |
| ९. | प्रशासन/मेडिकल | चौथो | मेडिकल सहायक | १ (एक) |
| १०. | प्रशासन/इलेक्ट्रोनिक्स इन्जिनियरिङ | चौथो | ल्याव सहायक | १ (एक) |
| | | | **जम्मा** | **१४ (चौध)** |

**१. परीक्षाको किसिम:** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।

**२. परीक्षा मिति र समय:** २०८०/०३/२३ गते दिनको ११:०० बजे देखि ।

**३. परीक्षा केन्द्र:** पछि प्रकाशन गरिनेछ ।

**४. दरखास्त दिने अन्तिम मिति:** २०८०/०२/२१ सम्म ।

**५. उम्मेद्वारको उमेरको हदः** छैटौं तहको पदको लागि २१ (एक्काइस) वर्ष तथा पाँचौ र चौथो तहको पदको लागि १८ (अठार) वर्ष उमेर पूरा भई ४० (चालीस) वर्ष ननाघेको हुनुपर्नेछ ।

**६. परीक्षा दस्तुरः**

छैटौं तहका लागि रू. १,५००/- (एक हजार पाँच सय), पाँचौ तहका लागि रू. १,०००/- (एक हजार) र चौथो तहका लागि रू. ८००/- (आठ सय) । परीक्षा दस्तुरबापतको रकम राष्ट्रिय बाणिज्य बैंक दुहबी शाखामा रहेको मनमोहन प्राविधिक विश्वविद्यालयको चल्ती खाता नं. २३४०१०००००७२८००१ मा जम्मा गरेको सक्कल भौचर फारामसाथ संलग्न गर्नुपर्नेछ ।

**७. दरखास्त फाराम लिने र दस्तुर बुझाउने विधिः**

दरखास्त फारामसहितको फाइल लिंदा वा बुझाउँदा फाराम दस्तुर नगद रू. २००/- बुझाउनु पर्नेछ ।

**८. दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरूः**

उम्मेद्वारले एस.ई.ई./एस.एल.सी. देखि माथिल्लो योग्यता सम्मका शैक्षिक योग्यताका प्रमाणपत्र, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्रका आफैंले प्रमाणित गरेका प्रतिलिपिहरू दरखास्त फारामसाथ संलग्न राखी बुझाउनुपर्नेछ । दरखास्तमा उल्लेख गरेका विवरणको सम्बन्धमा उम्मेद्वार स्वयम् जवाफदेही हुनुपर्नेछ ।

**९. प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुने मितिः** लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा सूचना गरिनेछ ।

**१०. तलब तथा सुबिधाः** विश्वविद्यालयको नियमानुसार हुनेछ ।

**११. आवश्यक न्यूनतम योग्यताः**

मनमोहन प्राविधिक विश्वविद्यालय शिक्षक तथा कर्मचारीको सेवाका सर्त र सुबिधासम्बन्धी नियमावली, २०७८ को नियम ९ बमोजिम अयोग्य नभएको र निम्नानुसारको शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ ।

- छैटौं तहको पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।
- पाँचौ तहको पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
- चौथो तहको पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा एस.ई.ई. वा सो सरह उत्तीर्ण वा राष्ट्रिय शिप परीक्षणबाट तह दुई उत्तीर्ण गरेको ।

**द्रष्टव्यः**

(क) यो विज्ञापन बमोजिम दरखास्त दिने उम्मेद्वारले न्यूनतम योग्यता हासिल गरी मनमोहन स्मृति पोलिटेक्निकको सम्बन्धित पदको स्वीकृत दरबन्दीमा कम्तिमा तीन वर्षदेखि करार वा सेवा करारमा नियुक्ति भई नियमित रूपमा हाल सम्म सेवा गरेको हुनुपर्नेछ ।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ग) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेद्वारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित निकाय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति अनिवार्य रूपमा पेस गरी रुजु गराउनुपर्नेछ ।

(घ) विदेशी शिक्षण संस्थामा अध्ययन गरेका उम्मेद्वारले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको शैक्षिक उपाधिको समकक्षता मान्यता पाएको व्यक्तिगत पत्र पेश गर्नुपर्नेछ ।

(ङ) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ । अन्यथा उत्तर पुस्तिका रद्द हुनेछ ।

(च) परीक्षाको पाठ्यक्रम आयोगको वेबसाइट www.mtuservicecommission.edu.np बाट प्राप्त गर्न सकिनेछ ।

★★★